कम्पनी ऐन, २०६३, अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको काम कारोवार गर्ने

# मिर्मिरे
## माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)
(१५ जिल्ला कार्यक्षेत्र भएको)

रजिष्टर्ड कार्यालय : बनेपा-४, काभ्रे, फोन नं. :०११–६६२३११, फ्याक्स नं.०११–६६२३१२
Email: info@mirmirebank.com.np, Website:www.mirmirebank.com.np

**को**

# 'हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु'

**हाल कायम चुक्ता पूँजी रु.३०,०००,०००/–को (१ : ०.५ ) (अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ शून्य दशमलव पाँच कित्ता साधारण शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि रु.१५,०००,०००/– बराबरको प्रति शेयर रु. १००।- अंकित दरका १५०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन**

**दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **मिर्मिरे माईक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र **(Due Diligence Certificate)** प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस लघुवित्त विकास बैंकले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

यस विवरण मार्फत साविक शेयरधनीहरुलाई निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली,२०६८" को नियम ३ मा भएको व्यवस्था अनुसार क्रेडिट रेटिङ्ग गर्न नपर्ने ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/०१/०६**
**हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७४/०३/०५**
**हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७४/०४/०८ (बैंकिङ्ग समय पश्चात्)**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

PRABHU CAPITAL

**प्रभु क्यापिटल लिमिटेड**

**कमलादी, काठमाडौं, फोन नं. ४२२२९३५, ४२२२९८७, फ्याक्स:४२२२८०२**
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
**(साबिकको ग्रोमोर मर्चेण्ट बैंकर लिमिटेड)**

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू"

**क)** **संगठित संस्थाको नाम :** मिर्मिरे माईक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड
(MIRMIRE MICROFINANCE DEVELOPMENT BANK LIMITED)

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालयः** यस लघुवित्त विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बनेपा ४, काभ्रेमा रहकोछ ।

**ग)** **कारोवार स्थान :** यस लघुवित्त विकास बैंकको कारोबार गर्ने मुख्य स्थान बनेपा ४, काभ्रेमा रहेको छ । यस वित्तिय संस्थाको कार्यक्षेत्र रसुवा,नुवाकोट,धादिङ्ग,दोलखा,गुल्मी,काभ्रेपलाञ्चोक,मकवानपुर,चितवन,नवलपरासी,पाल्पा,रुकुम,रोल्पा,सल्यान,अर्घाखाँची र प्यूठान रहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कर्यालय खोली लघुवित्त सम्बन्धि कारोबार गर्न सकिनेछ ।

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/०९/०२ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६७/०६/०७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६७/०८/२६ गते देखि लघुवित्त विकास बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस लघुवित्त विकास बैंकका संस्थापक तथा संचालकहरुमा बैंक/वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र, उद्योग, व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानुनको अधिनमा रही लघुवित्त सम्बन्धि कारोबार गर्ने यस लघुवित्त विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क) लघुवित्त विकास बैंकको निक्षेपकर्ता तथा वित्तिय श्रोत प्रदान गर्ने संस्थाहरुको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वथ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धि सेवा उपलब्ध गराउने,

ख) कृषि, उद्योग, सेवा व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक लघुवित्त सम्बन्धि साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, बिस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तिय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

घ) लघुवित्त सम्बन्धि सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

ङ) देशको समग्र वित्तिय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**ङ)** **शेयर पूँजीको संरचना :**

१) **<u>अधिकृत पूँजी</u>** : लघुवित्त विकास बैंकको अधिकृत पूँजी रु.१०,००,००,०००/– रहेकोछ । जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका १०,००,००० कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

२) **<u>जारी पूँजी :</u>** लघुवित्त विकास बैंकको जारी पूँजी रु. ४,५०,००,००० /– रहेको छ । जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका ४,५०,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

३) **<u>चुक्ता पूँजी</u>** : हाल लघुवित्त विकास बैंकको चुक्ता पूँजी रु. ३०,०००,०००/– रहेको छ, जसलाई प्रति शेयर रु.१००/– अंकित मूल्यका ३००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत् निष्काशन गरिने हकप्रद शेयरको बाँडफाँड पश्चात् लघुवित्त विकास बैंकको चुक्ता पूँजी रु.४,५०,००,०००/–हुनेछ ।

## च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :

हकप्रद शेयर निष्काशन गर्नुपूर्व लघुवित्त विकास बैंकको चुक्ता पूँजीको संरचना :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक | २,१०,००० | ७० % | २,१०,००,०००/- | शत प्रतिशत |
| ख | सर्वसाधारण (कर्मचारीहरु समेत) | ९०,००० | ३० % | ९०,००,०००/- | शत प्रतिशत |
| | **जम्मा** | **३,००,०००** | **१०० %** | **३,००,००,०००/-** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने लघुवित्त विकास बैंकको चुक्ता पूँजीको संरचना :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक | ३,१५,००० | ७० % | ३,१५,००,०००/- | शत प्रतिशत |
| ख | सर्वसाधारण (कर्मचारीहरु समेत) | १,३५,००० | ३० % | १,३५,००,०००/- | शत प्रतिशत |
| | **जम्मा** | **४५०,०००** | **१०० %** | **४,५०,००,०००/-** | |

## छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको सञ्चालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म):

१) संस्थापक शेयरधनीहरुलाई समूह ‘‘क’’मा विभाजन गरिएको छ । यो समूहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ ।

| क्र.सं. | शेयरधनीहरुको नाम, ठेगाना | समूह | शेयर संख्या | भुक्तानी रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पुरुषोत्तम प्रसाद शर्मा, का.म.न.पा. ५, काठमाण्डौं । | क | १९५० | १९५००० | शतप्रतिशत |
| २ | उषा शर्मा, का.म.न.पा. ५, काठमाण्डौं । | क | १९०५० | १९०५००० | ” |
| ३ | ब्रतराज न्यौपाने, व्यास न.पा.११, तनहुँ । | क | ७५०० | ७५०००० | ” |
| ४ | सन्तोष फुँयाल, दिग्तेल २,खोटाङ्ग । | क | ७५०० | ७५०००० | ” |
| ५ | राजु कुमार शिवाकोटी, भरतपुर न.पा १२, चितवन । | क | १२०१५ | १२०१५०० | ” |
| ६ | मान बहादुर राइ, ललितपुर उप.न.पा.३, ललितपुर । | क | २९८५ | २९८५०० | ” |
| ७ | गृहिणी डिपार्टमेन्टल स्टोर, ललितपुर उप.न.पा.३, ललितपुर | क | ३९०३० | ३९०३००० | ” |
| ८ | गोकर्ण राई, मुक्ली,४ सोलुखुम्बु । | क | २९८५ | २९८५०० | ” |
| ९ | टेक बहादुर बोहोरा, पायल ६, अछाम । | क | ७५०० | ७५०००० | ” |
| १० | धुव प्रसाद मिश्र, , गितानगर ४, चितवन । | क | ४५०० | ४५०००० | ” |
| ११ | दुर्गा प्रसाद घिमिरे, कुशादेवी, २ काभ्रेपलाञ्चोक । | क | १८०१५ | १८०१५०० | ” |
| १२ | विज्ञान घिमिरे,  का.म.पा.,३१ काठमाण्डौं । | क | २९८५ | २९८५०० | ” |
| १३ | राकेश कुमार मास्के, का.म.न.पा. २५, काठमाण्डौं । | क | ७५०० | ७५०००० | ” |
| १४ | लिलाराज पौडेल, का.म.न.पा. २३, काठमाण्डौं । | क | १५००० | १५००००० | ” |
| १५ | सरोजा शिवाकोटी, , भरतपुर न.पा १२, चितवन । | क | २९८५ | २९८५०० | ” |
| १६ | सृजना श्रेष्ठ, थानकोट, ६,काठमाण्डौं । | क | १५००० | १५००००० | ” |
| १७ | संगीत कुमार श्रेष्ठ, थानकोट, ६,काठमाण्डौं । | क | १५००० | १५००००० | ” |
| १८ | प्रकाश कोईराला, कपन,३ काठमाण्डौं । | क | ७५०० | ७५०००० | ” |
| १९ | राम प्रसाद भण्डारी, जुहाङ्ग, ७ गुल्मी । | क | १०५०० | १०५०००० | ” |
| २० | कृष्ण प्रसाद श्रेष्ठ, पोखरा,उप.न.पा. ४ कास्की । | क | १०५०० | १०५०००० | ” |
| | **संस्थापक समुहको जम्मा** | | **२१००००** | **२१००००००** | ” |
| | **सर्वसाधरण समुहको फयाक्सन कित्ता** | | **८** | **८००** | ” |
| | **सर्वसाधरण समुहको जम्मा** | | **८९९९२** | **८९९९२००** | ” |
| | **कुल जम्मा** | | **३,००,०००** | **३,००,००,०००** | ” |

**ख) संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना देहाय बमोजिम रहेको छ ।**

| क्र.सं. | शेयरधनीहरुको नाम | ठेगाना |
|---|---|---|
| **१** | गृहिणी डिपार्टमेन्टल स्टोर | ललितपुर उप.न.पा.३, ललितपुर । |
| क | श्री जय कुमार राई, संचालक | रातमाटे-६, ओखलढुङ्गा । |

## ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :

यस लघुवित्त विकास बैंकको शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयरको (१:०.५ ) को अनुपातमा (विद्यमान एक कित्ता शेयर बराबर नयाँ शून्य दशमलव पाँच कित्ताको दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले भुक्तानी माग गर्ने गरी रु. १,५०,००,०००/- शेयर पूँजी बराबर प्रति शेयर रु. १००/- अंकित दरका कुल १५०,००० कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा भएको निर्णय :

यस लघुवित्त विकास बैंकको बर्तमान चुक्तापूँजी रु. दुई करोडको ५० प्रतिशत बोनश शेयर तथा बोनश शेयर वितरण पश्चात शेयरधनीका नाममा कायम रहेको शेयर संख्याको १:०.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित भएको तथा हकप्रद शेयर संस्थापक वा साधारण शेयरधनीहरुले खरिद गरी लिन नचाहेमा Renounce गरी निजले ईच्छाएको व्यक्तिको नाममा उक्त हकप्रद शेयर कायम गरी दा.खा. गरी लिने समेत निर्णय भयो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७३/०९/१४ गते ।**

**ञ संचालकहरुको परिचय :**

| क्र. सं. | नाम, ठेगाना | पद | योग्यता | व्यावसायिक अनुभव | प्रतिनिधित्व समूह |
|---|---|---|---|---|---|
| १. | श्री टेक बहादुर बोहरा<br>पायल -६, अछाम । | अध्यक्ष | बि.ए. | नेकोन एयरलाइन्समा ११ बर्षको अनुभव, एयर साहारामा अधिकृत विगत ३ बर्षको अनुभव, रामारोशन ब्रिक इण्डष्ट्रिज चुहा-५, कैलालि म्यानेजिङ डाईरेक्टर (हाल) | (संस्थापक शेयरधनी समूह 'क' को तर्फबाट प्रतिनिधित्व) |
| २. | लिलाराज पौडेल<br>भाटभटेनी-४ पद्ममार्ग<br>काठमाण्डौ । | संचालक | एम.ए | जाकश एडुकेशनल फाउण्डेशन, पुतलिसडक, काठमाण्डौं<br>म्यानेजिङ डाईरेक्टर (हाल) | (संस्थापक शेयरधनी समूह 'क' को तर्फबाट प्रतिनिधित्व) |
| ३. | श्री सिर्जना श्रेष्ठ<br>थानकोट-६,काठमाण्डौं । | संचालक | एम.सि.ए | हर्ली नेवा इंगलिस स्कुल, थानकोट, काठमाण्डौं<br>संचालक, अध्यक्ष<br>४ बर्षको अनुभव | (संस्थापक शेयरधनी समूह 'क' को तर्फबाट प्रतिनिधित्व) |
| ४. | श्री सन्तोष फुँयाल<br>दिग्तेल-२, खोटाङ्ग । | संचालक | एम.बि.एस. | युग सेभिङ एण्ड क्रेडिट, ज्ञानेश्वर, काठमाण्डौं<br>म्यानेजर<br>५ बर्षको अनुभव | (संस्थापक शेयरधनी समूह 'क' को तर्फबाट प्रतिनिधित्व) |
| ५. | श्री कमान सिंह बोहरा<br>नेपालगंज-१६,बाँके । | संचालक | एम.ए | महेन्द्र मल्टिपल क्याम्पस, नेपालगञ्ज, बांके<br>एसोसिएट प्रोफेसर (हाल) | (नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित) |
| ६. | श्री अनुज नेपाल<br>पाँचखाल-६,काभ्रे । | संचालक | चार्टड एकाउन्टेन्ट | अनुज एण्ड एसोसियट्स<br>अडिटर (हाल) | (सर्वसाधारण शेयरधनी समूह 'ख' को तर्फबाट प्रतिनिधित्व) |
| ७. | चक्र बहादुर बोहरा<br>बागेश्वरी -७, अछाम । | संचालक | एस.एल.सी. | राष्ट्रिय वाणिज्य बैकं<br>सहायक "ख"<br>सिंहदरबार, काठमाण्डौं<br>अवकाश | (सर्वसाधारण शेयरधनी समूह 'ख' को तर्फबाट प्रतिनिधित्व) |

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

| नाम | पद | योग्यता | ठेगाना | अनुभव |
|---|---|---|---|---|
| श्री रोशन कुमार अधिकारी | प्रमुख कार्यकारी अधिकृत | एम.बि.ए. र एल.एल.बि | विराटनगर-११, मोरङ्ग | हाल मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लि. मा प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत, वित्तिय क्षेत्रमा कार्य अनुभव करिब १७ बर्ष रहेको । |

**ट) सञ्चालक समितिको बनौट :**

यस लघुवित्त विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :–

| | |
|---|---|
| 'क' समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ४ जना |
| 'ख' समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि लघुवित्त विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शून्य दशमलव पाँच शेयर (१ : ०.५) को अनुपातमा प्रति शेयर रु. १००/–का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०६५ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै संचालक समितिले अत्यन्त पारदर्शी तरिकाले (जस्तै लिलाम बढाबढ) तरिकाद्धारा बिक्री गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि लघुवित्त विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शून्य दशमलव पाँच (१ : ०.५) को अनुपातमा दरखास्त दिनु पर्नेछ । यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर **(Fraction Share)** मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात**

| पुंजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | आ.व. ०७३/०७४ पौष मसान्तसम्म | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७०/०७१ | आ.व. ०७१/०७२ | आ.व. ०७२/०७३ | | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ |
| १. शेयर पूँजी | १४,००० | २०,००० | ३०,००० | ३३,००० | ४५,००० | ४५,००० | ४५,००० |
| २. जगेडा तथा कोषहरु | (१,८४४) | ६,५१४ | ७,५१३ | १५,८६३ | २५,२७७ | ४४,५६४ | ६५,४५३ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ८३,९९७ | १,९१,४३५ | ३,३३,३१७ | ४,९६,३७३ | ५,०४,५०७ | ५,५४,९५८ | ५,८२,७०६ |
| ५. निक्षेप दायित्व | १४,७४९ | ३२,८१२ | ८५,७०० | १,३५,५०६ | १,६२,८३१ | २,४४,२४६ | ३,१७,५२० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - | - | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - | - | - | - | - |
| ८. आयकर दायित्व (खुद) | - | ३,१३४ | ४,८९० | ३,६०१ | ७,६१३ | ८,२६६ | ८,९५२ |
| ९. अन्य दायित्व | ६७९ | ३,६४८ | १०,६७६ | २५,५८१ | १६,०१५ | १७,६१६ | १८,४९७ |
| **कुल पूँजी तथा दायित्व** | **१,११,५८२** | **२,५७,५४४** | **४,७२,०९६** | **७,०९,९२३** | **७,६१,२४३** | **९,१४,६५०** | **१०,३८,१२८** |

| पुंजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | आ.व. ०७३/०७४ पौष मसान्तसम्म | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७०/०७१ | आ.व. ०७१/०७२ | आ.व. ०७२/०७३ | | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ |
| १. नगद मौज्दात | २४८ | २७२ | ३७० | १,१७१ | १,५४८ | १,३९२ | १,३९१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - | - | - | - | - |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ६,०२४ | २१,९१२ | ५०,९४७ | ९८,९६२ | १,२७,३६६ | १,५५,३८७ | २,०३,५५७ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | - |
| ५. लगानी | - | - | - | १,००० | १,१०० | १,१५५ | १,२१३ |
| ६. कर्जा सापट तथा बिल खरिद | १,०१,२९० | २,२६,०१५ | ४,०१,७५७ | ५,६९,५७४ | ६,०२,८१६ | ७,२३,३७९ | ७,९५,७१७ |
| ७. स्थिर सम्पत्ति | २,८९६ | ४,८५५ | ७,११८ | १४,५८७ | १५,३१७ | १६,८४८ | १८,५३३ |
| ८. गैर बैंकिंङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्ति | १,१२४ | ४,४८९ | ११,९०६ | २४,६२९ | १३,०९६ | १६,४८९ | १७,७१८ |
| **कुल सम्पत्ति** | **१,११,५८२** | **२,५७,५४४** | **४,७२,०९६** | **७,०९,९२३** | **७,६१,२४३** | **९,१४,६५०** | **१०,३८,१२८** |

**नोटः** *आ.ब.०७३/०७४ को वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हो ।

## नाफा–नोक्सान हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | | आ.व. | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७०/०७१ | आ.व. ०७१/०७२ | आ.व. ०७२/०७३ | ०७३/०७४ पौष मसान्तसम्म | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ |
| १ व्याज आम्दानी | १४,९४५ | ३२,२७८ | ५६,५०६ | ४८,२६० | ७१,७७० | ९१,०४१ | १,०४,१३८ |
| २ व्याज खर्च | ५,८७९ | १०,४७३ | १७,६४५ | ४०,३०४ | ४७,४३६ | ५१,४६४ | ५५,८५९ |
| **खुद ब्याज आम्दानी** | **९,०६६** | **२१,८०५** | **३८,८६१** | **७,९५६** | **२४,३३४** | **३९,५७६** | **४८,२७९** |
| ३. कमिशन तथा डिस्काउण्ट | - | - | - | - | - | - | - |
| ४. अन्य संचालन आम्दानी | ३,११४ | ७,६०५ | १०,३१५ | ३०,८५१ | ३६,९६७ | ३१,४२२ | २७,५७७ |
| ५. सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **१२,१८०** | **२९,४११** | **४९,१७६** | **३८,८०७** | **६१,३०१** | **७०,९९८** | **७५,८५६** |
| ६. कर्मचारी खर्च | ४,२७३ | ८,६२० | १७,३६८ | १५,२३० | १९,७९९ | २३,७५९ | २६,१३५ |
| ७. अन्य संचालन खर्च | ३,४१३ | ७,८६७ | ९,९८० | ७,६३५ | १३,४६१ | १४,८०७ | १५,१७६ |
| ८. सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा** | **४,४९३** | **१२,९२३** | **२१,८२९** | **१५,९४२** | **२८,०४१** | **३२,४३३** | **३४,००५** |
| ९. सम्भावित नोक्सानी | २,७७३ | ३,३८४ | ५,२४६ | ४,७१५ | ३४२१ | २,३१३ | १३८८ |
| **संचालन मुनाफा** | **१,७२०** | **९,५३९** | **१६,५८३** | **११,२२७** | **२४,६२०** | **३०,११९** | **३२,६१७** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ५६ | ४७ | - | १४९ | १६४ | १८९ | २०८ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ७३३ | ३,०५४ | १,६९२ | १,८२८ | ३१३१ | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२,५०९** | **१२,६४०** | **१८,२७५** | **१३,२०४** | **२७,९१५** | **३०,३०८** | **३२,८२५** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | ४४३ | - | - | - | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **२,०६६** | **१२,६४०** | **१८,२७५** | **१३,२०४** | **२७,९१५** | **३०,३०८** | **३२,८२५** |
| १३.कर्मचारी बोनस व्यवस्था | - | १,१४९ | १,६६१ | १,२०० | २,५३८ | २,७५५ | २,९८४ |
| १४.आयकर ब्यबस्था | (९७) | ३,१३३ | ५,०८९ | ३,६०१ | ७,६१३ | ८,२६६ | ८,९५२ |
| यस  वर्षको | - | ३,१३४ | ४,८९० | ३,६०१ | ७,६१३ | ८,२६६ | ८,९५२ |
| गत वर्षको | - | - | - | - | - | - | - |
| पर सारिएको आयकर (आम्दानी )/ खर्च | (९७) | (१) | १९९ | - | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **२,१६४** | **८,३५८** | **११,५२५** | **८,४०३** | **१७,७६४** | **१९,२८७** | **२०,८८९** |
| शेयर संख्या (हजारमा) | १४० | २०० | ३०० | ३०० | ४५० | ४५० | ४५० |
| प्रति शेयर आम्दानी (रु.) | १५।४५ | ४१।७९ | ३८।४२ | २८।०१ | ३९।४८ | ४२।८६ | ४६।४२ |

### वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

| विवरण | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/७६ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ९०% | ५०% | ३०% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ५०।०४% | २०% | १०% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ८३।२९% | ८२।९५% | ८०।२४% |
| ४. कुल आयमा औषत बृद्धिदर | १६२।७३% | ११२।६२% | १०७।५६% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १६७।४४% | १०९।७८% | १०७।३१% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ३०।५९% | ३१।४९% | ३१।७७% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ५४१।१४% | ८।५७% | ८।३०% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | १३% | ७% | ७% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १४% | १३।५०% | १३।५०% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०% | ३०% | ३०% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | १।३७% | १।३७% | १।३७% |
| लगानी मा प्रतिफल | - | - | - |
| अन्य संचालन खर्चका वृद्धिदर | ३४।८८% | १०% | ६।१४% |
| कर्मचारी खर्चमा बृद्धिदर | १४% | २०% | १०% |
| % of Provision on Total Gross Loan | १।८८% | १।८८% | १।८८% |
| CRR | ६।३४% | ७।०४% | ७।३०% |
| SLR | ११।८२% | १२।११% | १२।१८% |

बैंकको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ।

**नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक (रु. हजारमा) | | | आ.व. ०७३/०७४ पौष मसान्तसम्म | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७०/०७१ | आ.व. ०७१/०७२ | आ.व. ०७२/०७३ | | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ |
| चुक्ता पुंजी | १४,००० | २०,००० | ३०,००० | ३३,००० | ४५,००० | ४५,००० | ४५,००० |
| जगेडा तथा कोषहरु | (१,८४४) | ६,५१४ | ७,५१३ | १५,८६३ | २५,२७७ | ४४,५६४ | ६५,४५३ |
| **कुल** | **१२,१५६** | **२६,५१४** | **३७,५१३** | **४८,८६३** | **७०,२७७** | **८९,५६४** | **१,१०,४५३** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | (१२४) | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **१२,०३३** | **२६,५१४** | **३७,५१३** | **४८,८६३** | **७०,२७७** | **८९,५६४** | **१,१०,४५३** |
| शेयर संख्या (हजारमा) | १४० | २०० | ३०० | ३३० | ४५० | ४५० | ४५० |
| प्रति शेयर नेटवर्थ (रु.) | ८६ | १३३ | १२५।०४ | १४८।०७ | १५६।१७ | १९९।०३ | २४५।४५ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १७.९८% | ३१.५२% | ३०.७२% | १७.२०% | २५।२८% | २१।५३% | १८।९१% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | **३२.९२%** | | |

नोटः *आ.ब.०७३/०७४ को वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हो।

**(त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

## २०७३ आषाढ मसान्तको वासलात

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ३०,००० |
| २. जगेडा तथा कोषहरु | ७,५१३ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ३,३३,३१७ |
| ५. निक्षेप दायित्व | ८५,७०० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिनु बाँकी लाभांश | - |
| ८. आयकर दायित्व | ४,८९० |
| ९. अन्य दायित्व | १०,६७६ |
| **कूल पूँजी तथा दायित्व** | ४,७२,०९६ |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | ३७० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैक /वित्तीय संस्थामा रहेको मोज्दात | ५०,९४७ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ४,०१,७५७ |
| ७. स्थिर सम्पत्ति | ७,११८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ११,९०६ |
| **कूल सम्पत्ति** | ४,७२,०९६ |

## २०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | ५६,५०६ |
| २. व्याज खर्च | १७,६४५ |
| **खुद ब्याज आम्दानी** | **३८,८६१** |
| ३. कमिशन तथा डिस्काउण्ट | - |
| ४. अन्य संचालन आम्दानी | १०,३१५ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **४९,१७६** |
| ६. कर्मचारी खर्च | १७,३६८ |
| ७. अन्य संचालन खर्च | ९,९८० |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **२१,८२९** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ५,२४६ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१६,५८३** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १,६९२ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१८,२७५** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१८,२७५** |
| १३.कर्मचारी बोनस व्यवस्था | १,६६१ |
| १४.आयकर ब्यवस्था | ५,०८९ |
| यस वर्षको | ४,८९० |
| गत वर्षको | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | १९९ |
| **खुद मुनाफा/(नोक्सान)** | **११,५२५** |
| शेयर संख्या (हजारमा) | ३०० |
| प्रति शेयर आम्दानी (रु.) | ३८।४२ |

**थ) संगठित संस्थाले गर्ने भएको काममा नीहित संभावित आर्थिक जोखिमहरु :**

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
ख) लघुवित्त विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
ग) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकारबाट हुन सक्ने एक्कासी परिवर्तनबाट लघुवित्त विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
च) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
झ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु।

यस लघुवित्त विकास बैंकको सञ्चालनको इतिहास करिव ६ वर्ष भन्दा बढीको रहेको छ। लघुवित्त विकास बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन्। यस संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम**

रु. १००।- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत् निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" ले निर्धारित गरेको समयभित्र कम्पनीको सञ्चालक समितिले बाँडफाँड गरी वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत निष्काशित धितोपत्र अभिलेख गराउने व्यवस्था गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखि लघुवित्त विकास बैंकको प्रबन्ध-पत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) लघुवित्त विकास बैंकको मुख्य कार्यालय बनेपा-४, काभ्रे ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :** लागु नहुने ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयर वितरण गरी नेपाल स्टक एक्स्चेन्ज लिमिटेड तथा सिडिएसमा दर्ता गराइ धितोपत्रको कारोबार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्नेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

लघुवित्त विकास बैंकको कारोवारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) हकप्रद साधारण शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) यस विवरण अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस हकप्रद निष्कासन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरको (१ : ०.५०) को अनुपातमा (विद्यमान एक शेयर बराबर नयां शून्य दशमलव पचास शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्

२) प्रत्येक शेयरधनीले हकप्रद निष्कासनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाण पत्र नम्बर वा डिम्याट नम्बर तथा आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

३) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ । यदि कायम शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर रहेमा एउटै आवेदन फारम भरी दरखास्त दिन सक्नेछ ।

४) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या बापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको दरखास्त फारममा तोकिएको संकलन केन्द्रहरु वा निष्कासन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ

६) "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

७) यस हकप्रद शेयर निष्कासन सम्बन्धी कुनै विवाद भएमा वा ऊजुरी परेमा सोको निवारणका लागि यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

८) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

९) प्रमाण पत्र बुझ्न आउँदा शेयरधनीले दरखास्त फारमको अर्धकट्टीको साथै आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा नेपाली नागरिक भएको परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । शेयरधनीले अन्य व्यक्ति मार्फत् आफ्नो शेयरको प्रमाण पत्र प्राप्त गर्न चाहेमा मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको कुनै आधिकारीक परिचय पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१०) निक्षेप सदस्यहरु मार्फत हितग्राही खाता खोल्नु भएका लगानीकर्ता महानुभावहरुको हकमा हकप्रद शेयरको दरखास्त फारम बुझाउँदा दरखास्त फारममा स्पष्ट रुपमा आफूले निक्षेप खाता खोलेको निक्षेप सदस्यको सदस्यता नम्बर र हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ । निष्काशित हकप्रद शेयर सिडिएसमा दर्ता भए पश्चात मात्र बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गरिनेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**
कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका सेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयन भै सेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) संगठित सस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको हुनुपर्ने,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको ।
(ङ) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
(च) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको ।
(छ) हकप्रद सेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने सेयरवालाले अरु सेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा विक्री प्रबन्धकको नाम, ठेगाना :**

१) यस लघुवित्त विकास बैंकको आन्तरिक लेखापरीक्षण कार्य एस. एल एशोसिएट्सका चार्टर्ड एकाउन्टेण्ट श्री सन्तोष लम्सालले गर्दै आएको छ भने बैंकको पाँचौं वार्षिक सभाको निर्णय बमोजिम आ.ब.०७२/०७३ को बाह्य लेखापरिक्षण कार्य गर्नको लागि भट्ट एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट यज्ञराज भट्ट, नयाँबानेश्वर काठमाण्डौंलाई नियुक्त गरिएको छ ।
२) यस लघुवित्त विकास बैंकको कम्पनी सचिवमा लम्की चुहा-११,कैलाली निवासी श्री बिर्ख बहादुर बोहोरा कार्यरत हुनुहुन्छ ।
३) लघुवित्त विकास बैंकको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोवारको आधारमा निष्काशनकर्ता लघुवित्त विकास बैंक आफैले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठीक छ भनि एनबिएसएम एण्ड एसोसिएट्सका श्री राजेश कुमार साह (चार्टर्ड एकाउन्टेण्ट) ,नक्साल काठमाण्डौंले प्रमाणित गर्नु भएको छ ।
४) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री प्रभु क्यापिटल लिमिटेड,कमलादी , काठमाण्डौंले तयार गरेको हो ।
५) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा विक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री प्रभु क्यापिटल लिमिटेड, ,कमलादी, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ वमोजिम लघुवित्त विकास बैंकको पूँजी वृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरिएको ।
२) लघुवित्त विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुर्याउने उद्देश्य अनुरुप छैठौं वार्षिक साधारण सभाबाट (१ : ०.५) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) लघुवित्त विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) लघुवित्त विकस बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि लघुवित्त विकास बैंकको शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) लघुवित्त विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरि लघुवित्त विकास बैंकको स्थितिलाई बढी मजवुत तुल्याइ राख्न ।

**हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**
हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिमका शिर्षकहरुमा उपयोग गरिनेछ ।

| विवरण | रकम (रु.) |
|---|---|
| लगानी | १,५०,००,००० |
| **जम्मा** | १,५०,००,००० |

**र) हकप्रद शेयर विक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा पैंतीस (३५) दिन हुनेछ । सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुप बढीमा थप पन्ध्र (१५) दिनका लागि दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| |
|---|
| १. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं । |
| २. श्री मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड, बनेपा, भरतपुर शाखा चितवन, फेनहरा शाखा, नवलपरासी, हेटौंडा शाखा मकवानपुर, चरिकोट शाखा दोलखा, पशुपति डाँडा शाखा धादिङ र कालिकास्थान शाखा रसुवा । |
| ३. श्री प्रभु बैंक लिमिटेडका शाखा कार्यालयहरु रंगेली रोड, विराटनगर, आदर्शनगर विरगंज, मिलन चोक बुटवल, गोदावरी रोड धनगढी र सुर्खेत रोड नेपालगंज । |

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फारम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवदेन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर विक्री बन्द भएको पन्ध्र (१५) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन । साथै दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्रि प्रबन्धकको वेबसाईटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिने व्यवस्था रहेको छ ।

धितोपत्र निष्काशनको क्रममा बोर्डबाटस्वीकृत भएको विवरण सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (soft copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।यस्तो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु"लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले निष्कासन तथा विक्री प्रवन्धकको website www.prabhucapital.com तथा निष्कासन कम्पनीको website: www.mirmirebank.com.np मा समेत राख्ने व्यवस्था गरिनेछ ।

**निष्कासन बैंक (बैंकर टु द ईस्यु) को नाम तथा ठेगाना :**

| सि.नं. | बैंकको नाम, ठेगाना | खाता नं. |
|---|---|---|
| १ | श्री प्रभु बैंक लिमिटेड, कमलादी,काठमाण्डौं । | १३५११६००६३१८१६००००६ |

यस हकप्रद शेयरको निष्कासन तथा विक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा एक कार्य दिन अगाडि नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्कासन बैंक तोक्न सकिने छ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

लघुवित्त विकास बैंकले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । यस लघुवित्त विकास बैंकका संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उदघोषण लघुवित्त विकास बैंकको रहेकोछ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि व्यवस्था :**

यस विवरण मार्फत साविक शेयरधनीहरुलाई निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली,२०६८" को नियम ३ मा भएको व्यवस्था अनुसार क्रेडिट रेटिङ्ग गर्न नपर्ने ।

**श) पछिल्लो ३ वर्षको अधिकतम, न्यनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक वर्षमा यस लघुवित्त विकास बैंकको शेयर सूचीकरण भैसकेको र पछिल्लो तीन महिनामा नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण देहाय बमोजिम रहेको छ ।

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु.) | न्युनतम शेयर मूल्य (रु.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या (रु.) हजारमा |
|---|---|---|---|---|
| २०७०/०७१ | प्राथमिक शेयर निष्काशन भईनसकेको | | | |
| २०७१/०७२ | प्राथमिक शेयर निष्काशन भईनसकेको | | | |
| २०७२/०७३ | ३०६९ | २५०० | २९०९ | ३६२।२२० |

**आर्थिक वर्ष २०७३/७४ को पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण**

| महिना | अधिकतम शेयर मूल्य(रु) | न्युनतम शेयर मूल्य (रु.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| मंसिर | ३२२५ | १९०० | १९२० | ३।२९ |
| पुष | १८८२ | १६४२ | १६४३ | १।२१ |
| माघ | १६७४ | १५७३ | १६३५ | ०।७९ |

**द्रष्टव्य :** लघुवित्त विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्स्चेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**(ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री टेक बहादुर बोहरा<br>(संस्थापक शेयरधनी समूह 'क') | अध्यक्ष | |
| २. | श्री लिला राज पौडेल<br>(संस्थापक शेयरधनी समूह 'क') | संचालक | |
| ३. | श्री सिर्जना श्रेष्ठ<br>(संस्थापक शेयरधनी समूह 'क') | संचालक | |
| ४. | श्री सन्तोष फुँयाल<br>(संस्थापक शेयरधनी समूह 'क') | संचालक | |
| ५. | श्री कमान सिंह बोहरा<br>(नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ) | संचालक | |
| ६. | श्री अनुज नेपाल<br>(सर्वसाधारण शेयरधनी समूह 'ख') | संचालक | |
| ७. | श्री चक्र बहादुर बोहरा<br>(सर्वसाधारण शेयरधनी समूह 'ख') | संचालक | |

**स) निष्काशन तथा बिक्रि प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय,प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत,पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धि निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र(ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

# RKS & Associates

Chartered Accountants

चैत्र १२, २०७३

श्री संचालक समिति,

मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड, बनेपा, काभ्रे

विषय : प्रक्षेपित वित्तीय विविरणको प्रतिवेदन

महोदय,

बहाँको अनुरोधमा हामीले मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेडको आ.व. २०७३/७४, २०७४/७५ र २०७५/७६ को प्रक्षेपित वित्तीय विवरणको पुनरावोलकन (Review) गरेका छौं । यस प्रतिवेदन, हाम्रो बुझाईमा, मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेडले सर्वसाधरणको लागी शेयर निष्कासनको निमित्त विवरण पत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वित्तीय विवरण निम्न कुराहरुमा आधार रहेको जानाकारी गराईन्छ :

१. बैंकको आर्थिक बर्ष २०७०/७१, २०७१/७२ र २०७२/७३, लेखापरिक्षण भएको वित्तीय विवरणहरु तथा आ.व. २०७३/७४ को पौषमसान्त सम्मको लेखापरिक्षण पुर्वको वित्तीय विवरणहरु,

२. हामीलाई जानकारी गराईएको तथा हामीले जानकारी लिएको आवश्यक सुचनाहरु,

३. बैंकले अवलम्बन गरेको लेखा नीतिहरु, र

४. अनुसूची "क" मा प्रस्तूत गरिएको प्रमुख अनुमानहरु() ।

उपरोक्त प्रक्षेपण विगत बर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित विवरण अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनि प्रमाणिकरण मात्र गरेका हौं ।

मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड, स्थापना: २०६७, केन्द्रीय कार्यालय: बनेपा, काभ्रे

RKS & Associates, Kathmandu, Nepal, Chartered Accountants

सि.ए. राकेश कुमार सिंह, एफ.सि.ए.
प्रोप्राईटर

आर.के.एस. एण्ड एसोसियट्स
चार्टड एकाउन्टेनट्स

मिति : २०७३/१२/१२
स्थान : काठमाडौं ।